अन्नपूर्ण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोखरेबगर, म्याग्दी
स्था: २०७३
गण्डकी प्रदेश, नेपाल

सम्पर्क नं. ९८५७६८३८१० (प्र.प्र.अ.)
ईमेल :ito.annamun@gmail.com
वेब : www.annapurnamunmyagdi.gov.np


मिति : २०७९/०३/१९

प. सं. : ०७८/०७९

च. नं. :

# सामाजिक सुरक्षा परिचयपत्र नवीकरण सम्बन्धी सुचना !

सामाजिक सुरक्षा ऐन २०७५, सामाजिक सुरक्षा नियमावली २०७६ को नियम ९ तथा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ परिच्छेद-२ दफा ४ अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहिहरुले आ.व. २०७९/०८० मा निरन्तर भत्ता प्राप्त गर्नको लागि मिति २०७९ श्रावण १ गते देखी २०७९ भाद्र मसान्त भित्र सम्बन्धित वडा कार्यालयमा स्वयम् उपस्थित भई तपसिल बमोजिमका कागजातहरु सहित निवेदन दर्ता गराई आफ्नो परिचयपत्र नविकरण गराउनुहुन यो सुचना प्रकाशित गरिएको छ। बालबालिका, पूर्ण अपाङ्ग ('क' वर्ग) र आफै उपस्थित हुन नसक्ने व्यक्तिको हकमा निजको आमाबुबा/संरक्षक/माथवर उपस्थित भई नविकरण गराउन सकिनेछ।

<u>तपसिल</u>

१. नागरिकताको प्रमाणपत्र प्रतिलिपि
२. २ प्रति पासपोर्ट साइजको फोटो
३. सामाजिक सुरक्षा परिचयपत्र
४. बालबालिकाको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि
५. अपाङ्गको हकमा अपाङ्ग परिचयपत्रको प्रतिलिपि
६. विधवा महिलाको हकमा पतिको मृत्यू दर्ता प्रमाणपत्रको प्रतिलिपि र वडा कार्यालयबाट अर्को विवाह नगरेको सिफारिसको प्रतिलिपि।
७. एकल महिला र सम्बन्ध विच्छेद गरी अर्को विवाह नगरेको ६० वर्ष माथिको महिलाको हकमा सम्बन्ध विच्छेद दर्ता प्रमाणपत्रको प्रतिलिपि र अर्को विवाह नगरेको वडा कार्यालयको सिफारिस

*नोट:*

- ***बालबालिका, पुर्ण अपाङ्ग र आफै उपस्थित हुन नसक्ने व्यक्तिको लागि आमाबुबा/संरक्षक/माथवर व्यक्तिको नागरिकता प्रमाणपत्रको प्रतिलिपि ल्याउनु पर्नेछ।***
- ***तोकिएको समयमा नविकरण नगराएमा लगत कट्टा गरिनेछ ।***

बोधार्थ:

श्री वडा कार्यालया सबै, अन्नपूर्ण गाउँपालिका, म्याग्दी
श्री सुचना प्रविधि अधिकृत, Website मा अपलोड गरिदिनु हुन।

..................................
सुरण प्रसाद शर्मा पौडेल
प्रमुख प्रशासकीय अधिकृत